# श्री बाल विकास माध्यमिक विद्यालय

सरुमारानी गा.पा. २, नाहा प्यूठान ।

लुम्बिनी प्रदेश नेपाल

स्था : २०३८ वि.को.नं. : ५२००३०००४

पत्र सङ्ख्या : २०८३/०८४ मिति : २०८३/०५/१०

चलानी नं. २०

श्री सम्बन्धित सबै ।

## विषय :-रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि सूचना ।

प्रस्तुत विषयका सम्बन्धमा यस श्री बाल विकास माध्यमिक विद्यालयको प्राथमिक तह तृतिय श्रेणीको स्थायी शिक्षक दरबन्दि एक (१) रिक्त रहेको हुँदा शिक्षा नियमावली २०५९ दशौ संशोधन २०८३ )को नियम ९९ अनुसार शिक्षक सरुवा सम्बन्धि व्यवस्था,सरुमारानी गाउँपालिका प्युठानको मिति २०८३/०५/०५ गते च.नं. १७९ को प्राप्त सहमति पत्रानुसार र यस विद्यालयको मिति २०८३/०५/०४ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार उक्त रिक्त दरबन्दिमा सरुवा प्रक्रिया मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले प्राथमिक तृतिय श्रेणीको दरबन्दिमा कार्यरत योग्य तथा इच्छुक स्थायी शिक्षकहरुको लागी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०५/२५ गते सम्म) कार्यालय समयभित्र तपशिल बमोजिमका कागजात सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागी यो सूचना प्रकाशित गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरु

१.सरुवाको लागि निवेदन ।
२.नेपाली नागरिकताको प्रमाणपत्र ।
३.आफ्नो सेवा अवधि खुल्ने कागजात ।
४.स्थायी/अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
५.शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्रको प्रतिलिपि ।
६.विद्यालयमा हाजिरी भएको पत्रको प्रतिलिपि ।
७.स्थानिय तहले पदस्थापन गरेको पत्रको प्रतिलिपि ।
८.असाधारण तथा बेतलबी बिदा लिए नलिएको सम्बन्धि कागजात ।
९. सम्बन्धित वि.व्य.स.निर्णय र विद्यालयको सहमति पत्र ।
१०.सम्बन्धित स्थानिय तह र शिक्षा विकास तथा समन्वय एकाइको सहमती पत्र ।
११.शिक्षा नियमावली २०५९ को अनुसुची १७ बमोजिमको फारम ।

Email : secondarybal2082@gmail.com

सम्पर्क नं. प्र.अ. ९८६९९९१६६५ अध्यक्ष ९८०६२७८३४३ शि.अ.स.९८४५०३८४९३

बोधार्थ : (वेवसाइटमा सूचना प्रकाशित गरिदिनुहुन) ।
१. श्री सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बड्डाँडा प्युठान ।
२. श्री शिक्षा विकास तथा समन्वय एकाइ खलंगा प्युठान ।

खड्क बहादुर खाम्चा
वि.व्य.स. अध्यक्ष

(विष्णु कुमारी मल्ल)
प्रधानाध्यापक